# बडिगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ग्वालिचौर, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८०/०८१

चलानी नं.:

**स्थानिय सेवा(गठन तथा संचालन) ऐन, २०७९ बमोजिम तह बृद्धि सम्बन्धि सूचना।**

सूचना प्रकाशन मिति २०८०/९/२२

सूचना नं. १/२०८०/०८१(तह बृद्धि)

स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ र दफा २७ मा भएको तह बृद्धिको ब्यबस्था बमोजिम तपसिलमा उल्लेखित सर्तहरु पुरा भएका बडिगाड गाउँपालिकाका स्थानीय सेवामा कार्यरत ईन्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेभसाईट www.badigadmun.gov.npमा राखिएको तह बृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण स्पष्ट खुलाई नेपाली कागजमा दुई प्रति प्रिन्ट तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ। तोकिएको म्याद नाघि प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश गरेका र आवश्यक कागजात संलग्न नगरेका आवेदन माथि कुनै कार्वाही नहुने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**क.स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:**

१- सहायक स्तर पाँचौ तथा अधिकृतस्तर छैटौं तह (प्राविधिक/ अप्रविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमस: सहायक स्तर चौथो र सहायकस्तर पाँचौ तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा गरेको हुन पर्नेछ।

२- अधिकृतस्तर छैटौं तह (प्राविधिक/ अप्रविधिक) को पदमा हुने तहबृद्धिको लागि सहायक स्तर पाँचौ तहको पदमा पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिसत औषत अंक प्राप्त गरेको हुन पर्नेछ।

३- स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाब्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

**ख- स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:**

१- स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ को उपदफा (३) बमोजिम साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भई समायोजन ऐन बमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीको लागि स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिमको सर्त र अबधि पुरा भएको हुनु पर्नेछ।

२-स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम स्तर बृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुन पर्नेछ।

३-स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९क बमोजिम नकरात्मक सूचीमा नपरेको हुनु पर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

# बडिगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ग्वालिचौर, बागलुङ्ग

पत्र संख्याः ०८०/०८१

गण्डकी प्रदेश, नेपाल

चलानी नं.:


४-स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारीस पत्र साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु कामकाज गर्न खटाएको पत्र, रमना पत्र र हाजिरी भएको जानकारी पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ।

५-साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्र पेश गर्नु पर्नेछ।

६- स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९को दफा ३१ बमोजिम तह बृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

**ग-स्थानीय सेवाको सबै सेवा समुहमा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नु पर्ने अन्य बिबरण तथा कागजातहरुः**

१-आवेदन फारामको सम्पुर्ण महलहरुमा उल्लेख भएको बिबरणहरु स्पष्ट सँग भर्नु पर्नेछ।

२-सुरु नियुक्ति पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

३-तह बृद्धि हुने भन्दा एक तह मुनिको तह वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर बृद्धिको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

४-कर्मचरी समायोजन ऐन, २०७५ बमोजिम बडिगाड गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

५-कर्मचारीको अद्यावधिक बिवरण (PIS).

2080/08/22

प्रमुख प्रशासकीय अधिकृत


Email: badigadruralmunicipality@gmail.com, Website: www.badigadmun.gov.np, Contract no.: 9857676444